RHD Ridi Hydropower Development Co. Ltd. Baneshwor Kathmandu Estd 2000

# रिडी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड

का.म.पा. वडा नं.११, थापाथली काठमाण्डौ
कम्पनी दर्ता नं. १०७५/०६४/०६५
फोन नं. ०१–५१११०१५, ईमेल: ridihydro@gmail.com
Website: www.ridihydro.com.np

## विशेष साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०३/०२ गते

यस कम्पनीको मिति २०७९/०२/२४ गते मंगलवार बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको प्रथम विशेष साधारण सभा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्नको लागि मिति २०७९/०३/१७ गते शुक्रबार बस्ने भएको हुँदा कम्पनी ऐनको दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानु भावहरूलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**विशेष साधारण सभा हुने मिति, स्थान र समय :**

मिति : २०७९ साल असार १७ गते, शुक्रबार (तदनुसार ०१ जुलाई, २०२२)
स्थान : कम्पनीको कर्पोरेट कार्यालय थापाथली, काठमाडौं (Zoom को सहायताबाट) सभा सञ्चालन हुनेछ।
समय : दिउँसो १:३० बजे देखि।
(विश्वभर फैलिएको कोभिड–१९ महामारीको जोखिमका कारण नेपाल सरकारद्वारा तोकिएको स्वास्थ्य सुरक्षा सम्बन्धी सबै मापदण्ड पालना गरी साधारण सभामा भिडियो कन्फरेन्स मार्फत सहभागी हुन शेयरधनी महानु भावहरुलाई Zoom ID/Password उपलब्ध गराउने व्यवस्था गरिएको छ।)

**छलफल तथा निर्णयका लागि निर्धारित विषय**

**(क) विशेष प्रस्तावहरु**

(१) यस रिडी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको मिति २०७८/०७/१२ मा बसेको कम्पनीको २०औं बार्षिक साधारण सभाबाट अनुमोदन भए अनुसार रैराङ हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडलाई गाभ्ने प्रयोजनार्थ मुल्याङ्कनकर्ता पि.वि.के.बी. एण्ड एसोसियट्स (P.B.K.P. & Associates) बाट संस्थाको सम्पत्ती, दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Dilligence Audit Report) बमोजिम सिफारिस, व्यवसायिक अवसरहरु, मुनाफा वितरणको ईतिहास तथा पछिल्लो बजार मुल्य साथै विद्युत नियमन आयोगबाट प्राप्त स्कृति समेतको आधारमा तय गरिएको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio)अनुसार रैराङ हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडका शेयरधनीहरुलाई १०० कित्ता बराबर यस कम्पनीको ९३ कित्ता शेयर (१:०.९३) प्रदान गर्ने गरि रैराङ हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडलाई गाभ्ने र रैराङ हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सम्पूर्ण सम्पत्ति तथा दायित्व सकार्ने स्वीकृती प्रदान गर्ने।

(२) यस रिडी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडमा रैराङ हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडलाई गाभ्ने प्रयोजनार्थ मुल्याङ्कनकर्ता पि.वि.के.बी. एण्ड एसोसियट्स (P.B.K.P. & Associates) को नियुक्ती तथा निजको पारिश्रमिक, संस्थाको सम्पत्ती, दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Dilligence Audit Report) समझदारी पत्र (Memorandum of Understanding) तथा अन्तिम सम्झौता पत्र (Final Scheme of Arrangement) लगायत सम्पूर्ण काम कारबाहीहरुलाई अनुमोदन गर्ने।

(३) विषेश प्रस्ताव नं.१ बमोजिम रैराङ हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडलाई समाहित/प्राप्ती गरे पश्चात कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धी हुन जाने हुँदा सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको बिभिन्न दफाहरुमा संसोधनको प्रस्तावलाई स्वीकृती प्रदान गर्ने।

(४) कम्पनीको नाम परिवर्तन गर्ने प्रस्ताव सम्बन्धमा स्विकृती प्रदान गर्ने।

(५) रैराङ हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडलाई यस कम्पनीमा समाहित पश्चात् स्वाप रेसियो अनुपातको शेयर संख्या मिलान गर्ने।

(६) यस रिडी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडमा रैराङ हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडलाई गाभ्ने कार्य, नाम परिवर्तन, पूजी वृद्धि गर्ने, प्रबन्ध पत्र तथा नियमावलीको दफाहरु संसोधन सम्बन्धमा नियमनकारी निकायहरुबाट कुनै पनि किसिमको फेरबदल, संशोधन एवं थपघट सम्बन्धी निर्देशन प्राप्त भएमा निर्देशन अनुसारको कार्य गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रदान गर्ने।

**(ख) विविध**

**सञ्चालक समितिको निर्णय अनुसार**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१) हालको कोभिड १९ को महामारीको कारण नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्डको पूर्ण पालना गरी सभा सम्पन्न गर्नुपर्ने विशेष परिस्थितिका कारण Virtual माध्यमबाट उपस्थितीको लागि हार्दिक अनुरोध छ।

२) Virtual माध्यमबाट उपस्थित शेयरधनीहरुलाई सभा हलमा उपस्थित भए सरह मान्यता दिईने छ। उपस्थित गणपूरक संख्या सभा संचालनको निमित्त निर्दिष्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा संचालन हुनेछ।

३) Virtual माध्यमबाट उपस्थित शेयरधनीहरुको हाजिर निजहरुले गरेको Login मार्फत सबैको Login भएको देखिने गरी प्रमाणको निमित्त फोटो खिचेर र राखिने छ साथै सभा संचालन अवधि भरीको भिडियो रेकर्डिङ गरिनेछ।

४) बिषेश साधारण सभा प्रयोजनका लागि गाभिने सहमति पश्चात लकईन अवधिमा हाल कायम रहेका शेयरधनीहरुलाई आधार मानिनेछ।

५) भिडियो कन्फरेन्स मार्फत आफ्नो मन्तव्य राख्न चाहने शेयरधनी महानुभावहरुले ridi@gmail.com मा ईमेल गरी वा ०१-५१११०१५ मा सम्पर्क गरी सभा हुनु भन्दा ४८ घण्टा अगावै नाम र ईमेल ठेगाना टिपाउनु पर्नेछ। भिडियो कन्फरेन्स मार्फत उपस्थित हुने शेयरधनीहरुलाई Meeting ID/Passcode उपलब्ध गराई सभामा सहभागी हुने व्यवस्था मिलाईनेछ।

६) सभा शुरु हुनुभन्दा १ घण्टा अगाडीबाट भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) खुल्ला गरिनेछ। उक्त १ घण्टाको समयभित्र सभामा सहभागी हुने शेयरधनी महानुभावहरुले दिईएको Meeting ID/Passcode को माध्मबाट Zoom Login गरी आफ्नो परिचय, डिम्याट खाता नं. र शेयर संख्या सहित उपस्थितिको जानकारी ;भालाई दिनु पर्नेछ। शेयरधनी महानुभावहरुले Chat Box बाट समेत आफ्नो परिचय, डिम्याट खाता नं. र शेयर कित्ता संख्या सहितको जानकारी गराई उपस्थिति यकिन गराउन सक्नु हुनेछ।

७) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको, सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी, प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गरी सभा शुरु हुनुभन्दा ४२ घण्टा पहिले अर्थात् मिति २०७९/०३/१५ गते विहान १०:०० बजेभित्र ईमेल मार्फत वा लिखित रुपमा यस कम्पनीमा दर्ता गराई सक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएका व्यक्ति कम्पनीको लकईन अवधिमा कायम रहेका शेयरधनी हुनु अनिवार्य छ।

८) एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयरदर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ। कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयर वालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ।

९) कुनै शेयरधनी महानुभावले छलफलका विषयहरूमध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी सचिव/कर्मचारी मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ। तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ।

१०) विषेश साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनी रजिष्टर्ड कार्यालय, पाँचौं तल्ला, ट्रेड टावर, थापाथली, काठमाडौंमा सम्पर्क राख्न अनुरोध गरिन्छ। थप जानकारीको लागि कम्पनीको वेव साइट www.ridihydro.com.np बाट प्राप्त गर्न सकिनेछ।